# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र १८ गते २०१९ साल

श्री ५ को सरकार

शिक्षा मन्त्रालयको

सूचना

अधिकार प्रत्यायोजन नियमहरू, २०१८ को नियम ४ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

काम छिटो र सुलभ होस भन्नकालागि श्री ५ को सरकारमा निहित अधिकार कलेज तथा स्कूलहरूको संचालन परिषद र संचालन समितिलाई निम्नलिखित आर्थिक तथा प्रशासकीय सम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ ।

प्रशासकीय अधिकार

१. कलेजको सुव्यवस्था तथा संचालनको लागि श्री ५ को सरकारमा सुझाव पेश गर्ने ।

२. छात्रछात्राहरूको अनुशासनहीनता सम्बन्धमा आवश्यक कारवाइ गर्ने ।

३. गजेटेड प्रशासकीय तथा प्राविधिक पदहरूमा अस्थायी नियुक्त गर्न सक्ने, तर नन–गजेटेडको स्थायी नियुक्ति लोकसेवा आयोगको सिफारिशमा गर्न सक्नेछ ।

आर्थिक अधिकार

१. कलेजको लागि वार्षिक बजेट तयार गरी श्री ५ को सरकारमा पेश गर्ने ।

२. बजेटमा समावेश भएका रकम आर्थिक नियम बमोजिम खर्च गर्न पूर्ण अधिकार ।

आज्ञाले–

(श्यामकृष्ण भट्टराई)

श्री ५ को सरकारको सह–सचिव,

शिक्षा मन्त्रालय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।